जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ | अंक २२६ | २०८१ साल चैत २७ गते बुधबार (9 Apr. 2025 Wednesday) | मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : राजतन्त्र फर्कन्छ भन्ने कुरा ... ३ पृष्ठमा : वायु प्रदूषण न्यूनीकरणमा ... ३ पृष्ठमा : भारतमा सात जनाको मृत्युसँग ...

## अब राजतन्त्र फर्किने कुनै सम्भावना छैन् : काँग्रेस प्रवक्ता महत

**दैनिक समाचारदाता**
**राजविराज, २६ चैत ।**

नेपाली काँग्रेसका प्रवक्ता डा. प्रकाश शरण महतले अब नेपालमा राजतन्त्र फर्कने कुनै सम्भावना नरहेको बताएका छन् ।

नेपाली जनतालाई राजाले पटक पटक धोका दिएका कारण अब राजतन्त्र फर्किने कुनै सम्भावना नरहेको उनले मंगलबार राजविराजमा आयोजित पत्रकार सम्मेलनमा बताए ।

राजविराजस्थित नेपाली काँग्रेसको पार्टी कार्यालयमा नेपाल प्रेस युनियन सप्तरीद्वारा आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले भने "नेपाली जनताले राजतन्त्रबाट विभिन्न कालखण्डमा धोका मात्र पाएका छन्, अब फेरी राजतन्त्रलाई जनताले स्वीकार्ने छैनन् ।"

विधमान संघीय लोकतान्त्रिक शासन व्यवस्थाको विकल्प नरहेपनि कतै कतैबाट आउने बिरोधलाई रोक्न शासन शैलीमा भएका कमिकमजोरी हटाउँदै अघी बढ्नु पर्ने उनको भनाई थियो । उनले सरकारले आफ्नो कमिकमजोरी भए त्यसलाई सुधारेर जनविश्वास कायम गर्दै अघि बढ्नु आवश्यक रहेको सुझाव समेत दिए ।




नेपाली काँग्रेसका केन्द्रिय सदस्य समेत रहेका नेता महतले आगामी मंसिरमा पार्टी अधिवेशन भएको चार वर्ष पुग्ने भएपनि थप एक वर्ष बढाइने संकेत गरे । उनले भने, "विधान तहत थप डेढ वर्ष बढाउने हामीलाई सुविधा छ, यसबारे केन्द्रिय समितिको बैठकबाट टुंगो लगाउन बाकी नै छ ।"

पार्टीमा संगठन भन्दा पनि कतै कतै व्यक्तिवादी चरित्र हावी हुन थालेको टिप्पणी गर्दै उनले व्यक्तिगत स्वार्थ भन्दा पनि पार्टीको हितलाई प्राथमिकतामा राखी काम गर्न आवश्यक रहेको बताए ।

प्रेस युनियन सप्तरीका अध्यक्ष बिनयलाल कुमार कर्णको अध्यक्षतमा आयोजित पत्रकार सम्मेलनमा नेपाली काँग्रेस सप्तरीका सभापति रामदेव साह, उपसभापति रामकुमार यादव, सचिव सनत मण्डल लगायतको समेत उपस्थिति रहेको थियो ।

## विद्युतीय धरापमा परेर बालिकाको मृत्यु

**दैनिक समाचारदाता**
**सिरहा, २६ चैत ।**

गोलबजार नगरपालिका-९ गोविन्दपुरकी १३ वर्षीया बालिका गुलसना खातुनको विद्युतीय धरापमा परेर मृत्यु भएको छ । जङ्गली जनावरबाट मकैबाली जोगाउन थापेको विद्युतीय धरापमा परेर घाँस काट्न गएकी खातुनको मृत्यु भएको सिरहा प्रहरीले जनाएको छ ।

उक्त घटनामा धराप थापेको आरोपमा प्रहरीले गोलबजार-९ गोविन्दपुरका २४ वर्षीय बीरबहादुर सार्कीलाई यही चैत २४ गते पक्राउ गरी ज्यानसम्बन्धी कसुरमा मुद्दा चलाएको सूचना अधिकारी प्रहरी नायब उपरीक्षक बीरेन्द्रकुमार पासवानले जानकारी दिए । उनका अनुसार सार्कीलाई ज्यानसम्बन्धी कसुरमा जिल्ला अदालतबाट सात दिनको म्याद लिइ इलाका प्रहरी कार्यालय मिर्चैयामा राखेर अनुसन्धान भइरहेको छ ।

गत फागुन २९ गते बिहानदेखि हराइरहेकी स्थानीय बेचन अलीकी छोरी गुलसना खातुनको शव बोरामा बेरेर गाडिएको अवस्थामा घुर्मी खोलाको किनारमा फेला परेको थियो । घरबाट घाँस काट्न जान्छु भन्दै हिँडेकी छोरी हराएको भोलिपल्ट आमा जेहदा खातुनले खोजीका लागि मिर्चैया प्रहरीमा निवेदन दिएकी थिइन् । बालिका हराएको १३औं दिन १२ चैतमा बोरामा बाँधेको शव सडेगलेको अवस्थामा भेटिएको थियो ।

त्यसलगत्तै मिर्चैया प्रहरीसहित केन्द्रीय अनुसन्धान ब्यूरोको टोली, मधेस प्रदेश प्रहरी कार्यालयको टोलीले अनुसन्धानका क्रममा २४ चैतमा सार्कीलाई पक्राउ गरेको हो । प्रहरीका अनुसार उक्त घटनामा बरामद दशीका रूपमा बालिकाले घाँस काट्न लगेको हँसिया भेटिएको छ ।

अनुसन्धानका क्रममा फागुन २९ गते बिहान करिब ९:०० बजेतिर सार्कीले जङ्गली जनावरबाट आफ्नो मकै जोगाउन विद्युतीय धराप लगाएको र केहीबेरमै बालिका चिच्याएको अनुसन्धानका क्रममा पाइएको प्रहरीले जनाएको छ । घटनापछि शवलाई बोरामा हालेर घुर्मी खोला किनारनजिक खाल्डो खनी पुरेको खुल्न आएको प्रहरीले जनाएको छ ।

## मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु



**दैनिक समाचारदाता**
**राजविराज, २६ चैत ।**

सप्तरीको अग्निसाईर कृष्णासवरण गाउँपालिका ५ बकधुवास्थित भित्री सडक खण्डमा मंगलबार मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु भएको छ ।

***बाँकी अन्तिम पृष्ठमा***

## राधाकृष्ण मन्दिरमा चोरी




**दैनिक समाचारदाता**
**राजविराज, २६ चैत ।**

राजविराज ७ हटिया बजारस्थित श्री लक्ष्मी नारायण राधाकृष्ण मन्दिरमा सोमबार राती चोरी भएको छ ।

मन्दिर परिसरमा रहेको दानपेटिका तथा इस्कान राजविराजद्वारा संचालित धार्मिक पुस्तक पसलको काउन्टरको ताला फुटाएर नगद रकम चोरले लगेका छन ।

मन्दिरका मुलपुजारी रत्नेश्वर झाका अनुसार मन्दिरमा रहेको पुस्तक काउन्टरबाट पुस्तक बिक्री गरे वापतको डेढ/दुई हजार रुपैया तथा दानपेटिकामा राखिएको सबै रकम चोरी भएको छ ।

उक्त दानपेटिका २०८१ मंसिर देखि खोलिएको थिएन । मन्दिर दर्शन र पुजाआजाका लागी पाँच महिना यता आएका भक्तजनहरुले दानपेटिकामा ठूलै रकम खसालेको अनुमान गरिएपनि यकिन रकम भन्न कठिन भएको मन्दिर

***बाँकी अन्तिम पृष्ठमा***

**उच्च रक्तचाप नियन्त्रण गर्ने उपायहरू**

- नून कम भएको स्वस्थ र पोपिलो आहार खाने,
- तौल कम गर्ने र शारीरिक रुपमा सक्रिय रहने,
- सुर्ती तथा मदिराजन्य पदार्थको सेवन नगर्ने,
- चिकित्सकको सल्लाह पालना गर्ने,
- चिकित्सकले सिफारिस गरेको औषधी नछुटाई खाने,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह, रक्तचाप (ब्लडप्रेसर), मिर्गौला सम्बन्धी रोगको नियमित जाँच गर्ने गरौं।

स्वस्थ र दीर्घ जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### बिग्रेका सिसि क्यामरा मर्मत गर्ने तर्फ धयान पुगोस्

लाखौं रुँपैया खर्च गरेर आपराधिक, चोरी तथा विभिन्न दुर्घटनाका घटनाबारे निगरानी गर्न लगाइएको सिसि क्यामरा बिग्रनु दुर्भाग्यपूर्ण हो । यस्ता संवेदनशिल विषयप्रति राजविराज नगरपालिका गम्भिर हुनु आवश्यक छ । नगरको मुख्य सडकहरुमा जडान गरिएका ती सिसी क्यामेराहरु विगत १५ दिन देखी बिग्रेको छ । नगरको कुनै पनि गतिविधी क्यामरामा कैद हुन नसक्नुले नगरको सुरक्षाप्रति प्रश्न चिन्ह खडा भएको छ ।

नगरको शान्तिसुरक्षा र नगर क्षेत्र भित्र हुने विभिन्न घटना दुर्घटना निगरानी गर्ने उद्देश्यले जडान गरिएको सिसी क्यामेराले काम नगर्दा अपराधका घटनाको सत्यतथ्य पत्ता लगाउन प्रहरीलाई अफ्ठ्यारो समेत भएको छ । राजविराज नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा नगरको शान्ति सुरक्षाका लागी जडान गरेको थियो । जसको नियन्त्रण कक्ष जिल्ला प्रहरी कार्यालय सप्तरीमा राखिएको छ । नगरपालिकाले राजविराजस्थित गजेन्द्र चौक, नेता चौक, राममन्दिर, अदालत रोड र रुपनी बसस्टेण्ट र पानीटंकी रोड सहितका क्षेत्रमा निगरानी गर्न आर्थिक वर्ष २०८०/०८१ मा ५० लाखको लागतमा उपभोक्ता समिति मार्फत नगरभरी सिसी क्यामेराहरु जडान गरेको थियो ।

तसर्थ राजविराज नगरपालिकाले ती क्यामराहरु मर्मत सम्भार गर्नेतर्फ यथासिघ्र चासो देखाउनु पर्ने आवश्यकता रहेको छ ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# राजतन्त्र फर्कन्छ भन्ने कुरा दिउँसै देखेको सपना मात्रै हो : प्रधानमन्त्री ओली




सिरहा, २६ चैत (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले राजतन्त्र फर्कन्छ भन्ने कुरा दिउँसै देखेको सपना मात्र भएको बताउनुभएको छ ।

सिरहा सदरमुकाममा नेकपा (एमाले) को ११औँ जिल्ला अधिवेशनको उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले राजतन्त्रका पक्षधर कस्ता हुँदा रहेछन् भन्ने कुरा यही चैत १५ गतेको उनीहरुको क्रियाकलापले स्पष्ट पारिसकेको उल्लेख गर्दै नेपाली जनताले राजतन्त्रलाई नस्वीकार्ने बताउनुभयो ।

"राजतन्त्र फर्किन्छ भन्ने कुरा राति देखेको सपना पनि होइन, दिउँसै देखेको सपना हो । यो कुनै काम लाग्दैन । चैत १५ गतेको उनीहरुको क्रियाकलापले त्यो सपना भङ्ग भइसक्यो", प्रधानमन्त्री ओलीले भन्नुभयो, "राजतन्त्रका पक्षधर कस्ता हुँदारहेछन् भन्ने नेपाली जनताले देखिसके । त्यस्ताको हातमा शासन गयो भने देशमा के हुन्छ होला ? तर, जानेबाला छैन । म आम नेपाली जनतालाई ढुक्क रहन आग्रह गर्दछु ।"

व्यक्तिको घरघरमा गएर आगो लगाउने, औषधि निर्माण कम्पनीमा आगो लगाउने, सञ्चारगृहमा आगो लगाउने, भित्र मान्छे थुनेर आगो लगाएर मार्ने, लुटपाट मच्चाउनेजस्ता विध्वंसकारी तथा अराजक तत्वलाई कुनै हालतमा स्वीकार गर्न नसकिने प्रधानमन्त्री ओलीले स्पष्ट पार्नुभयो ।

सरकारको ध्यान सुशासन, बिकास र समृद्धिमा केन्द्रित रहेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले समृद्ध नेपाल, सुखी नेपाली बनाउने राष्ट्रिय आकांक्षा साकार पार्न आफू लागिपरेको बताउनुभयो । त्यकका लागि सामाजिक न्याय, समानता, समावेशीता र समानुपातिक प्रणालीलाई अझ प्रभावकारी बनाई लोकतन्त्रलाई मजबुत बनाई छाड्ने उहाँले सङ्कल्प गर्नुभयो ।

प्रधानमन्त्री ओलीले सम्बोधनका क्रममा धनुषा र सिरहा जोड्ने हुलाकी सडकको कमला पुल समयमै निर्माण सम्पन्न गरी यातायात सञ्चालन गर्न सरकारले विशेष ध्यान दिएको बताउनुभयो ।

कार्यक्रममा एमाले केन्द्रीय सचिव रघुवीर महासेठ, पार्टीका मधेस प्रदेश इञ्चार्ज लीलानाथ श्रेष्ठ, मधेस प्रदेशका भौतिक पूर्वाधार बिकासमन्त्री सरोजकुमार यादवलगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो । यसअघि प्रधानमन्त्री ओलीले मंगलबारै जनकपुरमा मधेस प्रदेशसभालाई सम्बोधन गर्नुभएको थियो ।

# बल्खुबाट राप्रपाको खबरदारी : भातपानी बन्द गर्नेदेखि बंगलादेश र श्रीलंका बनाउने चेतावनी !

**दैनिक समाचारदाता**
**काठमाडौं, २६ चैत ।**

हालको संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था बदल्ने उद्घोषसहित शान्तिपूर्ण आन्दोलन थालेको बताएको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले बालुवाटारको भात पानी बन्द गर्नेदेखि देशलाई बंगलादेश र श्रीलंका बनाउनेसम्मको चेतावनी दिएको छ ।

राप्रपा बागमती प्रदेश कमिटीले काठमाडौँको बल्खुमा आयोजना गरेको खबरदारी सभामा बोल्दै त्यस पार्टीका नेताहरूले आफूले भनेजस्तो समझदारी गर्न तयार नभए आन्दोलन जारी राख्दै बालुवाटारको भातपानी बन्द गर्ने, नेताहरूको घर घेर्ने तथा बंगलादेश र श्रीलंका बनाउनेसम्मको धम्की दिएका हुन् ।

सभामा सम्बोधन गर्ने नेताहरूको आक्रोश व्यवस्था भन्दा पनि सरकारको नेतृत्व गर्ने दलका नेताहरूको कार्यशैलीले देश बर्बाद भएको भन्दै कार्यशैली नसुधारेसम्म विश्राम नलिने उद्घोष गरे । कांग्रेस, एमाले र माओवादीलगायत सबैलाई ओली, देउवा र प्रचण्डबाट अब देश नबन्ने थाहा भएकाले उनीहरूलाई जति दिन राख्यो त्यति नै देश बर्बाद हुने राप्रपा नेताहरूको भनाइ छ ।

खबरदारी सभालाई सम्बोधन गर्दै अध्यक्ष राजेन्द्र लिङ्देनले ओली देउवा र प्रचण्डबाट देश सच्चिने र लिकमा आउने कुनै पनि सम्भावना नरहेको दाबी गरे ।

शिक्षकहरूको आन्दोलनप्रति सरकारले गरेको व्यवहारलाई उदाहरण दिँदै उनले शिक्षकहरूले भनेमा आफूहरू अहिले नै गएर समर्थन गर्ने र माग पुरा गरिदिने समेत बताए ।

'आज देश सबै हिसाबले भद्रगोल र बर्बाद अवस्थामा छ । अब यिनीहरूबाट यो देश सच्चिने र लिकमा आउने कुनै सम्भावना छैन', लिङ्देनले भने, 'त्यसैले हामीले देशलाई लिकमा ल्याउन र हाम्रो जीवनकालमा देश बनाउन देशव्यापी रूपमा व्यापक जनदाब सिर्जना गर्नुपर्नेछ ।' उनले प्रदेशस्तरीय कार्यक्रम सकेपछि काठमाडौं केन्द्रित कार्यक्रम गर्न लागेको जानकारी गराउँदै नेताहरू नसच्चिएसम्म विश्राम नलिने र त्यसका लागि बालुवाटार घेरेर भातपानी बन्द गर्नसम्म पछि नपर्ने चेतावनी दिए ।

'नसुध्रने हो भने हामी पनि गाली चलाउँछौं त भन्दिनँ तर बालुवाटार घेरेर भातपानी बन्द गर्न सक्छौं', लिङ्देनले चेतावनी दिँदै भने, 'आज राप्रपा बल्खु गयो भनेर कमजोरी नठान्नु । केपी ओलीजी, गृहमन्त्रीजी शान्ति र अहिंसालाई कमजोरी नठान्नु !'

अध्यक्ष लिङ्देनले शान्तिपूर्ण बाटोबाटै परिवर्तनका लागि हिँडेको भन्दै सत्ता सधैँभरि आफ्नो हातमा हुन्छ भनेर नसोच्न गणतन्त्र पक्षधर दलहरूलाई चुनौती दिए । 'सत्ता सधैँभरि तपाईंको हातमा हुँदैन, जनता गोठको गाईबस्तु होइनन्', प्रधानमन्त्री र गृहमन्त्रीको नाम लिँदै उनले भने, 'जति दिन हाम्रा साथीहरूलाई थुन्नुहुन्छ यो जनमत दिन दुई गुणा रात चौगुना बढेर जान्छ । देशमा राजा चाहिन्छ भन्नु राज्यविरुद्धको अपराध हो ?'

दुर्गा प्रसाईंलाई प्रहरीले नै भगाएको आरोप लगाउँदै लिङ्देनले प्रहरी प्रमुख युवा संघको सहअध्यक्ष रहेको गम्भीर आरोप लगाए ।

'अहिलेको प्रहरी प्रमुख त एमालेको युवा संघको सहअध्यक्ष पो रहेछ त । हामीले भेटेको खोका, अश्रुग्याँसका बोक्रा जहाँ एक्सपाइरी डेट २००८ लेखेको रहेछ,' लिङ्देनले भने, 'अनि त्यो प्रहरी प्रमुख एमालेको प्रतिनिधि भएर निर्लज्जतापूर्वक हामीले हानेको अश्रुग्याँस कसरी एक्सपाइरी हुन्छ भन्छ । प्रहरी प्रहरी भएर बस्नुपर्छ, कुनै राजनीतिक दलको भ्रातृ संगठन भएर बस्ने होइन ।'

चैत १५ गते राज्यका तर्फबाट हिंसा भड्काएको दाबी लिङ्देनको छ । 'त्यो हिंसा राज्यका तर्फबाट भड्काइएको थियो । त्यो भन्न कुनै आपत्ति छैन', लिङ्देनले शान्तिपूर्ण प्रदर्शन र दबाबबाट परिवर्तनको पक्षमा रहेको दोहोऱ्याए ।

खबरदारी सभालाई सम्बोधन गर्दै पूर्वअध्यक्ष पशुपति शमशेर राणाले मुलुक कुशासन र भ्रष्टाचारले ग्रस्त भएको टिप्पणी गरे ।

'मुलुक कुशासन र भ्रष्टाचारले ग्रस्त छ । मुलुकमा सुशासन र इमान्दारिता चाहिन्छ', राणाले भने, 'अहिलेको सरकारले हाम्रा नेताहरूलाई नियन्त्रणमा लिएर क्रूर काम गरेको छ । तीन कुने घटनाको छानबिन गर्न निष्पक्ष आयोग गठन गरियोस् ।'

अर्का नेता डा. प्रकाशचन्द्र लोहनीले नेपालमा रावणहरूको शासन रहेको आरोप लगाए । उनले रावणहरूको शासनले नै देशलाई कमजोर बनाएकाले त्यसलाई मुक्त गर्नुपर्ने धारणा राखे ।

'नेपालमा अहिले रावणहरूको शासन छ । रावण भनेको के हो ? रावण भनेको अहङ्कार र अरूको चिज मेरो भन्ने घमण्ड र सर्वसाधारणलाई उपेक्षा गर्ने प्रवृत्ति हो', उनले भने, 'रावण प्रवृत्तिका जो जो राजनीतिज्ञहरू छन् उनीहरू यो राज्यको सम्पत्ति र ढुकुटीमा हामीले जे गरे पनि हुन्छ भन्छन् । जसले देशलाई कमजोर बनाइरहेको छ । त्यसैले यो रावण प्रवृत्तिलाई मास्नुपर्छ ।'चस रातोपाटीबाट

# वायु प्रदूषण न्यूनीकरणमा सरकारले तत्काल कदम चाल्नुपर्ने

काठमाडौँ, २६ चैत (रासस)।
वातावरणसँग सम्बन्धित विभिन्न सङ्घ/संस्थाका प्रतिनिधि र विज्ञहरूले बढ्दो वायु प्रदूषणबारे चिन्ता व्यक्त गरेका छन्। उनीहरुले यो समस्या समाधानका उपाय तत्काल कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराएका छन्।

नेपाल वातावरण पत्रकार समूह र ग्रामीणमुखी युवा अभियान नेपालले संयुक्त रुपमा सोमबार यहाँ आयोजना गरेको कार्यक्रममा सरोकारवालाहरुले प्रदूषण रोकथाममा सरकार र सङ्घसंस्थाबीच सहकार्य र समन्वयमा जोड दिएका हुन्।

हरेक वर्षको सुख्खायाममा वन डढेलोलगायतका कारण प्रदूषण बढ्ने तथ्य हुँदाहुँदै समस्या जटिल भएपछि मात्रै समाधानका उपाय खोज्नु व्यावहारिक नहुने विज्ञहरूको भनाइ छ। वायु प्रदूषण बढेपछि देशैभर श्वासप्रश्वास र अन्य स्वास्थ्य समस्याका बिरामी बढ्दो रहेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

प्रदूषणका कारण श्वासप्रश्वाससम्बन्धी दीर्घरोगी र बालबालिका बढी प्रभावित हुने बताउँदै स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले हरेक वर्ष नेपालीहरूको कूल मृत्युको १९ प्रतिशत कारण श्वासप्रश्वाससँग जोडिएको जानकारी दिनुभयो। एक तथ्याङ्कअनुसार प्रदूषणका कारण ४.८ प्रतिशतका दरले नेपालीको औसत आयु घटिरहेको छ।

प्रदूषण घटाउन यसअघि बनेका नीति, कार्ययोजना कार्यान्वयन नहुँदा, सम्बन्धित निकायहरूबीच समन्वय नहुँदा समस्या जटिल बन्दै गएको उहाँको भनाइ थियो। सरकारले प्रदूषण नियन्त्रणका लागि हरेक वर्ष रु तीन अर्ब बढी राजस्व सङ्कलन गरे पनि सो रकम यही शीर्षकमा खर्च हुन नसकेको प्रवक्ता बुढाथोकीले बताउनुभयो। उहाँले भन्नुभयो, "सरोकारवाला निकायहरूले विज्ञप्ति जारी गर्दैमा समस्या समाधान हुँदैन, विगतमा बनेका योजनाहरू कागजमा सीमित छन्। अब कार्यान्वयनमा जोड दिनुपर्छ।"

कार्यक्रममा वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले प्रदूषणको समस्या न्यूनीकरण गर्न एक सम्बन्धित निकायबीच आरोप/प्रत्यारोप लगाउनु भन्दा आ-आफ्नो ठाउँबाट अनुशासित बन्नुपर्ने बताउनुभयो। प्रदूषण रोकथामकै लागि विभागले उद्योग, कलकारखानाको वातावरणीय पक्षको अनुगमन गर्दै कमीकमजोरी गरेकाहरूलाई सुधार गर्न ध्यानाकर्षण गराएको, सवारी प्रदूषण परीक्षण गर्ने गरेको जानकारी उहाँले दिनुभयो।

सवारी प्रदूषण परीक्षणका लागि छुट्टै सवारी पार्किङ क्षेत्र र स्रोतसाधन आवश्यक रहेको उहाँले बताउनुभयो। परीक्षणमा ५० प्रतिशत बढी सवारीसाधन मापदण्ड विपरित पाइएको र सरकारी सवारीसाधन परीक्षणमा अनुत्तीर्ण हुने गरेको बताउनुभयो।

कार्यक्रममा वायु गुणस्तर विज्ञ डा भूपेन्द्र दासले विस्थापित गर्ने भनिएका यूरो-१ र यूरो-३ मापदण्डका सवारीसाधनले निकाल्ने धुँवा, उद्योग कलकारखानाबाट निस्कने प्रदूषण समस्याका नियमित कारण बनिरहेको बताउनुभयो। "अहिलेको मुख्य समस्या वन डढेलो हो, खेतबारीमा कृषि अवशेष र खुला ठाउँमा फोहर जलाउँदा प्रदूषण बढेको छ", उहाँले भन्नुभयो, "नेपाल, भारत, बङ्गलादेश, पाकिस्तान हरेक वर्ष प्रदूषणको जोखिममा छन्, समाधानका उपायहरू खोज्न ढिलो गर्नु हुँदैन।"

अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)का अनुसार यही ८ चैतदेखि हरेक दिन काठमाडौँ र मुलुकका अन्य भेगको प्रदूषण निरन्तर बढिरहेको छ। "नेपालमा हरेक वर्ष जनवरीदेखि अप्रिलसम्म प्रदूषण बढ्ने गर्छ, यसमा अन्तरदेशीय कारण पनि छन्," इमिमोडका वायु गुणस्तर विज्ञ डा खुस्बु शर्माले भन्नुभयो, "प्रदूषण बढ्नु घट्नुमा वायुको प्रभाव पनि रहन्छ।"

काठमाडौँ उपत्यकाका तीनै जिल्लामा वायु गुणस्तर सूचकाङ्क 'एयर क्वालिटी इन्डेक्स' (एक्यूआई) मानव स्वास्थ्यका दृष्टिले जोखिम तहमा पुगेको छ। एक्यूआई दुई सयभन्दा माथि पुगेपछि मानव स्वास्थ्यका दृष्टिले जोखिम मानिन्छ। वातावरण अभियन्ता भोला भट्टराई, समूहका पूर्वअध्यक्ष कसमस विश्वकर्मालगायतले वातावरण विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलगायतका निकायले एकपछि अर्को कार्ययोजना बनाउने भन्दा पनि विगतका कार्ययोजना कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो।

कृषि कर्म र दैनिक घाँस दाउरा गर्ने समुदाय प्रदूषणको प्रत्यक्ष असरमा रहेको उल्लेख गर्दै स्थानीय सरकारको साथ र सहयोगमा प्रदूषण रोकथाम प्रभावकारी बनाउनुपर्ने धारणा व्यक्त गर्नुभयो। "यस विषयमा प्रदेश र स्थानीय तहलाई पनि जिम्मेवार बनाउन स्वच्छ वायु अधिकार ऐन आवश्यक छ, महत्वपूर्ण कुरा त राजनीतिक प्रतिवद्धता हो", अभियन्ता भट्टराईले भन्नुभयो।

# उपयुक्त समयमा संविधान संशोधन हुन्छ, समिति बनाएर काम गर्छौं : प्रधानमन्त्री

जनकपुर, २६ चैत (रासस)।
प्रधानमन्त्री केपी शर्मा ओलीले कार्यान्वयनको अनुभवका आधारमा विद्यमान व्यवस्थालाई सबल बनाउने लक्ष्यका लागि संविधान संशोधन गर्न राजनीतिक समितिका साथ काम गरिने बताउनुभएको छ।

मधेस प्रदेशसभालाई मंगलबार सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले समयको विकास र अनुभवका आधारमा विद्यमान प्रणालीलाई बलियो बनाउन तथा सुशासन र विकासका लागि उचित समयमा संविधान संशोधन हुने स्पष्ट गर्नुभयो। "सामाजिक सद्भाव र राष्ट्रिय एकता कायम राख्न उपयुक्त समयमा संविधान संशोधन गर्छौं। त्यसका लागि एउटा नेकपा (एमाले) र नेपाली कांग्रेसको यो संयुक्त सरकारबाट राजनीतिक समिति बनाउँछौं। तर 'प्याण्डोरा'को बाकस खोलेजस्तो गर्दैनौं।

प्रगतिमनका लागि ढोका खोल्न संविधान संशोधन गर्दैनौं।", प्रधानमन्त्री ओलीले भन्नुभयो, "राजतन्त्र फेरि ल्याउने भनेर केही लागेका छन्। विगतमा निरङ्कुश राजतन्त्रको कुशासन नदेखेका नयाँ पुस्तालाई भ्रममा पार्न खोजेका छन्। हामीले नयाँ पुस्तालाई सचेत बनाउनुपर्छ। आजको सचेत समाजले त्यस्तो सामन्ती व्यवस्था स्वीकार्न सक्दैन। गणतन्त्र यस देशको वर्तमान र भविष्य हो। प्रतिपक्षी पनि विद्यमान व्यवस्थाको पक्षमा रहनु खुसीको कुरा हो।"

प्रधानमन्त्री ओलीले लोकतान्त्रिक गणतन्त्रको व्यवस्था जनताको सङ्घर्षको जगमा ल्याइएकाले यस व्यवस्थालाई सुव्यवस्थित एवं सुदृढ बनाउनु सबैको कर्तव्य भएको उल्लेख गर्नुभयो। "यो श्रेष्ठ प्रणाली हो, हामीले यसको रक्षा गर्नुपर्छ। अभ्यासमा आएको लामो समय नभएकाले यो व्यवस्थामा केही कमजोरी भए होलान् तर सुधार गरेर जानुको विकल्प छैन।", उहाँले भन्नुभयो, " अब हामी द्रुत गतिमा अघि बढेका छौं। यस प्रणालीअन्तर्गत सांसदको सपथ लिने अनि बाहिर गएर संविधान मान्दिन भन्ने अभिव्यक्ति दिनु हुँदैन।"

प्रधानमन्त्री ओलीले अनावश्यक हल्ला चलाइएको भए पनि भारत र चीनसँगको सम्बन्ध समुधुर रहेको बताउनुभयो।

# लोसपाका मधेस प्रदेश संसदीय दलको नेतामा राइन

धनुषा, २६ चैत (रासस)।
लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) मधेस प्रदेश संसदीय दलको नेतामा प्रदेशसभा सदस्य जयनुल राइन चयन हुनुभएको छ।

पार्टीका संसदीय दलका नेता अभिराम शर्मा थमन विक हत्याको आरोपमा दोषी ठहर भएपछि रिक्त पदमा राइन सोमवार चयन हुनुभएको हो। लोसपाका प्रदेशसभा सदस्य शर्मा थमन विक हत्याको आरोपमा अदालतबाट दोषी ठहर भएपछि मधेस प्रदेशसभाले उहाँलाई निलम्बन गरेको थियो।

निलम्बनपछि पनि लोसपाले मधेस आन्दोलनका क्रममा भएका घटना अधिकारका लागि भएको आन्दोलन रहेकाले शर्मा निर्दोष रहेको दाबी गर्दै शर्मालाई संसदीय दलको नेताका रूपमा राखिरहेको थियो।

लोसपाका अध्यक्ष महन्थ ठाकुरले मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डललाई राइन मधेस प्रदेशको संसदीय दलका नेता रहेको जानकारी गराएको छ। लोकतान्त्रिक समाजवादी पार्टी नेपालको अन्तरिम विधान प्रथम संशोधनअनुसार मधेस प्रदेशसभामा संसदीय दलको नेतामा प्रदेशसभा सदस्य राइनलाई अर्को व्यवस्था नहुन्जेलसम्म मनोनयन गरिएको अध्यक्ष ठाकुरले लेख्नुभएको पत्रमा उल्लेख छ।

त्यसैगरी, राइनले सोमबारै प्रदेशसभामा यस विषयमा जानकारी गराउँदै संसदीय दलको नेताका रूपमा पदभारसमेत ग्रहण गर्नुभएको छ।

## विश्व समाचार

### भारतमा सात जनाको मृत्युसँग सम्बन्धित 'नक्कली चिकित्सक' पक्राउ

नयाँदिल्ली, २६ चैत (रासस/एएफपी)।
सात जना बिरामीको मृत्युको अनुसन्धान गरेको केही दिनपछि भारतीय प्रहरीले मङ्गलबार लन्डनमा आधारित एक प्रतिष्ठित हृदयरोग विशेषज्ञका रूपमा छद्म वेश धारण गरेको आरोपमा एक व्यक्तिलाई पक्राउ गरेको छ।

मध्य प्रदेश राज्यको निजी मिशन अस्पतालमा काम गरेका कथित ठगलाई ठगी र जालसाजीको आरोपमा पक्राउ गरिएको प्रहरी अधीक्षक श्रुतकीर्ति सोमवंशीले पत्रकारहरूलाई बताउनुभयो।

"उनका कागजातहरू नक्कली भएको पाइएको छ.. अभियुक्त चिकित्सकलाई हाम्रो टोलीले पक्राउ गरेको छ", सोमवंशीले भन्नुभयो।

पक्राउ परेका व्यक्तिले आफ्नो नाम 'नरेन्द्र जोन क्याम' भनेका छन्। यो नाम अस्पतालको वेबसाइटमा हिन्दीमा लेखिएको नामसँग मिल्दछ।

स्थानीय मिडियामा प्रकाशित मुखाकृतिमा उनलाई पहिलो फुस्रो कपालसहित देखाइएको छ।

राष्ट्रिय मानव अधिकार आयोगले यस वर्ष मिसन अस्पतालमा सात जना बिरामीको मृत्युको अनुसन्धान सुरु गरेको केही दिनपछि यो गिरफ्तारी भएको हो।

गिरफ्तार व्यक्तिद्वारा सबै सात जनाको एन्जियोप्लास्टी शल्यक्रिया गरिएको थियो। स्थानीय मिडियाका अनुसार उनले बेलायतमा रहेका वास्तविक हृदयरोग विशेषज्ञ जोन क्यामको छद्म वेश धारण गरेका थिए। जोन क्याम सेन्ट जर्जेज युनिभर्सिटी अफ लन्डनमा क्लिनिकल कार्डियोलोजीका एमेरिटस प्रोफेसर हुन्।

बेलायतमा आधारित क्यामले कुनै गलत काम गरेको सङ्केत छैन। उहाँले एएफपीलाई यो घटना 'अत्यन्त चिन्ताजनक' भएको बताउनुभयो।

ती व्यक्तिले "विभिन्न समयमा मेरो छद्म वेश धारण गरेको र लन्डनको सेन्ट जर्जेज अस्पतालमा मेरो प्रशिक्षण लिएको दावी गरेको' क्यामले बताउनुभयो।

क्यामले आफू र आफ्ना सहकर्मीहरूले गत पाँच वर्षदेखि ठगलाई रोक्न पटक-पटक प्रयास गरेको पनि बताउनुभयो।

"मैले पत्ता लगाएँ कि मैले यसबारे केही पनि गर्न सक्दिनथें, तर मेरा कम उमेरका सहकर्मीहरू, जो इन्टरनेटमा सामाजिक सञ्जालमा सक्रिय थिए, उनीहरूले आफ्नो सकेसम्मको प्रयास गरे", क्यामले लन्डनबाट लेख्नुभएको छ, "भारतीय चिकित्सक र हृदयरोग विशेषज्ञहरूले चाँडै नै यी व्यक्तिको मसँग कुनै सम्बन्ध छैन भन्ने कुरा पत्ता लगाए र उनलाई 'बन्द गर्ने' प्रयास गरे।"

"ठगको बारेमा हालैका रिपोर्टहरू अपेक्षाकृत शान्त थिए र मैले सोचें कि उनीहरू सफल भएका थिए", क्यामले भन्नुभयो, "पक्राउको खबर मेरो लागि दुःखद छ र सम्भवतः बिरामीहरूका आफन्तहरूको लागि अझ बढी, जो पीडित भएका हुन सक्छन्।"

मध्य प्रदेशका उपमुख्यमन्त्री राजेन्द्र शुक्लाले दोषी ठहरिए पक्राउ व्यक्तिविरुद्ध कडा कारवाही गरिने बताउनुभयो।

यो घटना मृत्यु भएका बिरामीहरूको एक परिवारले उजुरी गर्न अगाडि आएपछि सार्वजनिक भएको हो।

### गाजामा शान्ति सम्झौता भङ्ग भएपछि झन्डै चार लाख प्यालेस्टिनी विस्थापित

न्युयोर्क, २६ चैत (रासस/एएनआई)।
इजरायलले हालैको शान्ति सम्झौता तोडेपछि गाजा पट्टीमा करिब चार लाख प्यालेस्टिनी विस्थापित भएको संयुक्त राष्ट्रसङ्घले बताएको छ।

अनादोलु समाचार एजेन्सीका अनुसार राष्ट्रसङ्घीय प्रवक्ता स्टेफान दुजारिकले गाजामा इजरायली आक्रमण निरन्तर जारी रहँदा व्यापक नागरिक हताहती गराइरहेको बताउनुभयो।

"गाजामा धेरै बालबालिकासहित मानिसहरू मारिइरहेका छन्, घाइते भइरहेका छन् र जीवनभरका लागि अपाङ्ग बनाइँदैछन्", उहाँले भन्नुभयो, "गाजाभरका बाँचेकाहरू पटक-पटक विस्थापित भइरहेका छन् र झन्झन् सानो हुँदै गएको स्थानमा धकेलिएका छन् जहाँ उनीहरूको आधारभूत आवश्यकताहरू पुरा हुन सक्दैन।"

शान्ति सम्झौता भङ्ग भएपछि करिब चार लाख मानिस अर्थात गाजाको जनसङ्ख्याको १८ प्रतिशत विस्थापित भएका छन् भन्दै दुजारिकले कब्जा गर्ने शक्तिका रूपमा इजरायलले विस्थापित जनसङ्ख्याको सुरक्षा र जीवित रहनका लागि कुनै व्यवस्था नगरेको बताउनुभयो।

### बङ्गलादेश प्रहरीद्वारा हत्या प्रयासको आरोपमा पूर्व अभियोजकलाई पक्राउ

ढाका, २६ चैत (रासस/एएफपी)।
निर्वासित कट्टरपन्थी प्रधानमन्त्री शेख हसिनाको शासनकालमा इस्लामवादी नेताहरूलाई मृत्युदण्डको सजाय सुनाउने अदालतमा वरिष्ठ अभियोजकका रूपमा काम गर्ने वकिललाई पक्राउ गरेको बङ्गलादेशी प्रहरीले मङ्गलबार जनाएको छ।

यो मुद्दा हसिनाको शासनकालमा उच्च पदमा रहेका व्यक्तिहरूको थुप्रै धुनाको शृङखलामा ताजा घटना हो। हसिना स्वयं गत अगस्तमा आफ्नो सरकारलाई अपदस्थ गर्ने अशान्तिका क्रममा सयौं प्रदर्शनकारीको हत्याका लागि मानवता विरुद्धको अपराधको आरोपमा खोजी गरिएको व्यक्ति हुनुहुन्छ।

राजधानी ढाकाका प्रहरी उप-आयुक्त मुहिदुल इस्लामका अनुसार तुरिन अफरोजलाई सोमबार राति हत्या प्रयासको आरोपमा विद्यार्थी नेतृत्वको विद्रोहसँग सम्बन्धित एक मुद्दामा पक्राउ गरिएको थियो।

गत अगस्टमा सुरक्षा बलले विरोध प्रदर्शन रोक्न खोज्दा गोली लागेका २१ वर्षीय मोहम्मद जब्बारले अफरोजविरुद्ध मुद्दा दायर गरेका थिए।

# साँस्कृतिक महासंघ सप्तरीमा नयाँ नेतृत्व




**दैनिक समाचारदाता**
**राजविराज, २६ चैत।**

नयाँ नेतृत्वको चयन गर्दै नेपाल साँस्कृतिक महासंघ सप्तरीको तेश्रो जिल्ला अधिवेशन सम्पन्न भएको छ।

अधिवेशनले बसन्त साह स्वर्णकारको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्य समिति चयन गरेको हो।

अधिवेशनले केन्द्रिय महाधिवेशन प्रतिनिधिमा ८ तथा प्रदेश अधिवेशन प्रतिनिधिमा १२ जनाको सर्वसम्मतले चयन समेत गरेको छ।

केन्द्रिय महाधिवेशन प्रतिनिधिमा रामनारायण साह, शैलेन्द्र विश्वकर्मा, सुनिता चौधरी, रन्जु साह, रामकुमार सिंह, महिनारायण मण्डल, विभा देव, नरसिंह चौधरीको चयन गरेको छ।

यस्तै प्रदेश अधिवेशन प्रतिनिधिमा भगवती चौधरी, आनन्दी मण्डल, राजदेव मण्डल, सत्यदेव यादव, बिजय साह, भोला खंग, महिनारायण चौधरी, अनुकुमारी चौधरी, विशेश्वर प्रसाद साह, बिरेन्द्र विश्वकर्मा, रामकिसुन मण्डल र शर्मिला चौधरीको चयन गरिएको छ।

उक्त अधिवेशनको प्रमुख अतिथि नेपाल साँस्कृतिक महासंघका केन्द्रिय सभापति तिर्थ बहादुर थापाले उद्घाटन गरेका थिए। उक्त अवसरमा नेपाल साँस्कृतिक महासंघका केन्द्रिय महामन्त्री, केन्द्रिय सदस्य शुसिल सेवा, विशिष्ट अतिथि नेपाली कांग्रेसका जिल्ला उपसभापति रामकुमार यादव, सचिव सनत मण्डल, नेपाल किसान महासंघका केन्द्रिय सदस्य बिन्देश्वर प्रसाद साह, नेपाल मुस्लिम संघका महासचिव इर्साद अन्सारीका साथै उल्लेख्य संख्यामा स्थानीय कलाकारहरुको उपस्थिति रहेको थियो।

# मातृशिशु मृत्युदर घटाउन मुलुक सफल

काठमाडौं, २६ चैत (रासस)।

मुलुकमा मातृ र नवजात शिशु मृत्युदर घटाउन राज्यलाई सफलता मिलेको छ। हालै सार्वजनिक भएको संयुक्त राष्ट्रसङ्घको प्रतिवेदनमा नेपाल सरकारको सफलता उल्लेख छ।

नेपालमा प्रतिलाख जीवित जन्ममा १४२ जना आमाको मृत्यु हुने गरेको छ। सन् २००० को तुलनामा यो ७१ प्रतिशतले कम हो। राष्ट्रिय जनगणना २०७८ मा एक लाख जीवित जन्ममा १५१ जना आमाको मृत्यु हुने गरेको उल्लेख थियो।

प्रतिवेदनअनुसार नवजात शिशु मृत्युदर घटेर प्रतिएक हजारमा १६.६ जना पुगेको छ। आर्थिक सर्वेक्षण २०७९/८० मा नवजात शिशुमृत्युदर प्रतिएक हजारमा २१ रहेको थियो। सन् २०३० सम्ममा नवजात शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा १२ प्रतिशतले झार्ने लक्ष्य छ।

मातृ तथा नवजात शिशुमृत्युदर घटाउन उल्लेखनीय प्रगति भए पनि प्रदेश र जिल्लाबीचका स्वास्थ्य असमानताले धेरै महिला गुणस्तरीय प्रसूति सेवाको पहुँचबाट वञ्चित भएका प्रतिवेदनमा जनाइएको छ।

प्रतिवेदनअनुसार सन् २००० देखि २०२३ सम्ममा मातृ मृत्युमा विश्वव्यापी रूपमा ४० प्रतिशतले कमी आएको छ। सन् २०१६ पछि सुधारको गति सुस्त भएको छ। सन् २०२३ मा दुई लाख ६० हजार महिलाले गर्भावस्था वा प्रसूति हुने क्रममा जटिलताका कारण ज्यान गुमाएका छन्।

विश्वव्यापी रूपमा मातृ मृत्युदर हरेक वर्ष झन्डै १५ प्रतिशतले घट्नुपर्छ तर हाल वार्षिक रूपमा यो करिब १.५ प्रतिशतले मात्र घटिरहेको प्रतिवेदनमा उल्लेख छ।

### राधाकृष्ण ...

व्यवस्थापन समितिका सचिव विरेन्द्र गुप्ताले बताए।

सोमबार मध्यराती मन्दिरको अग्रभागमा रहेको भेन्टिलेशनबाट चोर भित्र पसेको र पुस्तक काउन्टर तथा दानपेटिकाको ताल्चा फुटाएर रकम चोरी गरी लगेको पाइएको छ। मंगलवार विहान मन्दिरको ढोका खोल्न आउँदा मात्र चोरी भएको थाहा पाएको मुलपुजारी झाले बताए।

मन्दिर परिसरमा सिसी क्यामेरा जडान नभएकाले पनि चोरको पहिचान गर्न कठिन भएको मन्दिर व्यवस्थापन समितीका सचिव गुप्ताले सुनाए।

राजविराजको प्राचिन मन्दिर मध्येका एक उक्त मन्दिर परिसरमा शौचालय तथा बाथरुमको सुविधा नहुँदा रातीको समयमा पुजारीहरु पनि आ-आफनै घरमा जाने र विहानपख मात्र आउने गरेका छन। यही मौका छोपेर चोरले सम्पती चोरी गरी लगेको स्थानीयको भनाई छ।

केही समय अघि राजविराजस्थित शनि मन्दिरमा समेत चोरले दानपेटिका फुटाएर हजारौं रकम चोरेर लगेका थिए। उक्त चोरको पत्ता नलाग्दै पुनः अर्को मन्दिरमा त्यस्तै प्रकृतिको घट्ना भएको हो।

# जनतालाई पवित्रभावका साथ सेवा दिएर लोकतन्त्रलाई बलियो बनाउनुपर्छ : प्रधानमन्त्री

जनकपुर, २६ चैत (रासस)।

प्रधानमन्त्री केपी शर्मा ओलीले सुशासनका लागि दृढ अठोट बोकेर जनतालाई पवित्रभावले सेवा दिई लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउनुपर्नेमा जोड दिनुभएको छ।

मधेस प्रदेशसभालाई मंगलबार सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले जनताको पहिलो अधिकार गरिबीबाट मुक्ति हुने भएकाले गरिबीका अगाडि अन्य अधिकारको कुनै अर्थ नहुने बताउँदै विकास र समृद्धिको यात्रामा मिलेर अघि बढ्न आह्वान गर्नुभयो।

"सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था ठूलो उपलब्धि हो। यो उपलब्धिलाई केवल राजनीतिक उपलब्धिका रूपमा मात्र होइन जनताको सङ्घर्षबाट प्राप्त भएको उपलब्धिका रूपमा लिनुपर्छ। त्यसकारण हाम्रा प्रयासहरू जनताको सेवामा समर्पित हुनुपर्छ। परिपूर्ण लोकतन्त्रका लागि हामीले काम गर्नुपर्छ," प्रधानमन्त्री ओलीले भन्नुभयो, "जनताले परिवर्तनको उपलब्धि आफ्नो पेट, आफ्नो आङ र सन्ततिको हितमा खोज्छ। त्यसकारण हामीले जनताहरूलाई लोकतान्त्रिक अधिकार उपयोग गर्न दिनुपर्छ। सम्पूर्ण सामाजिक जीवनमा लोकतन्त्र फुलाउनुपर्छ। त्यसका लागि समाजलाई विकास र सुशासनको गतिमा लानैपर्छ।"

प्रधानमन्त्री ओलीले मधेस प्रदेशको सामाजिक, सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भाव अत्यन्त सुन्दर पक्ष भएको उल्लेख गर्दै यहाँका अनुशासित, चेतनशील तथा विकासप्रेमी नागरिकले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमान कायम गर्न पुऱ्याएको योगदानको प्रशंसा गर्नुभयो।

संविधानले मधेस प्रदेशलाई स्वायत्तता प्रदान गरेको र यो स्वायत्तताको सही उपयोग गर्नु सबैको दायित्व रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय, नीति निर्माण र विकासका कार्यहरूलाई प्रभावकारी बनाउन प्रदेश सरकारको विशेष भूमिका रहने बताउनुभयो।

प्रधानमन्त्री ओलीले मधेस प्रदेश सम्भावनै सम्भावनाहरूको उर्वर भूमि, कृषिका लागि उपयुक्त चुरेक्षेत्र जडीबुटी, जङ्गलदेखि पानीको अपार स्रोतयुक्त भएकाले यहाँको विकासलाई सबैको सहयोगमा अघि बढाउनुपर्नेमा जोड दिनुभयो। उहाँले सुनकोशी मरिन डाइभर्सन आयोजनाले मधेसमा सिँचाइ भई राष्ट्रिय उत्पादन र उत्पादकत्व वृद्धि गर्ने र यसले पहाड र तराईबीचको एकताभाव सृजना गर्ने बताउनुभयो।

प्रधानमन्त्री ओलीले औद्योगिक क्षेत्र, पेट्रोलियम पाइपलाइन, रेलमार्ग, हुलाकी सडक, द्रुतमार्ग, रामराजाप्रसाद सिंह अस्पताल मधेसको विकास र समृद्धिको आधार भएकाले एकीकृत जाँच चौकी तथा प्रमुख भन्सार नाका वीरगञ्जलाई आर्थिक केन्द्र तथा प्राचीन शहर जनकपुरधामलाई सांस्कृतिक पर्यटनको आधारको रूपमा विकास गर्न सकिने बताउनुभयो।

उहाँले राजर्षि जनक, माता सीता, महर्षि परशुराम, महाकवि विद्यापतिजस्ता विभूति र विद्वान एवं छिन्नमस्ता, गढीमाईलगायत देवदेवीहरूको भूमि मधेस प्रदेशमा ती पुर्खाका ज्ञान र गौरवलाई स्मरण गर्दै अब विकासको पथमा अग्रसर हुनुपर्नेमा जोड दिनुभयो।

# 'राजतन्त्रको औचित्य छैन'

मोरङ, २६ चैत (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले मुलुकमा राजतन्त्र औचित्य समाप्त भएको बताउनुभएको छ।

विराटनगर विमानस्थलमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै उहाँले औचित्यहीन राजतन्त्र पुनःस्थापना नहुने बताउनुभयो।

"औचित्य समाप्त भएको राजतन्त्र फेरि फर्काउने दिवास्वप्नबाट मुक्त हुनुपर्छ", पूर्वराजा ज्ञानेन्द्रको सहमतिमा नै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लागु भएको स्पष्ट गर्दै उहाँले भन्नुभयो।

फरक प्रसङ्गमा नेता नेपालले संविधान संशोधन आवश्यक भएको बताउनुभयो। साथै उहाँले नेपाल कम्युनिष्ट पार्टी (एमाले)सँग तत्काल एकताको सम्भावना नरहेको स्पष्ट गर्नुभयो।

### मोटरसाइकल ...

छप्कीबाट महुलीतर्फ जादै गरेको प्र.२-०२-००२ नं. को मोटरसाईकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा जिल्लाको तिलाठी कोईलाडी गाउँपालिका ७ मन्सापुर निवासी ५० वर्षिय हरेराम मण्डलको मृत्यु भएको प्रहरीले जनाएको छ।

दुर्घटनामा गम्भिर घाईते भएका मण्डललाई राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा उपचारका लागि ल्याएपछी चिकित्सकले इसिजि गर्दा मृत भइसकेको जानकारी दिएको प्रहरीले जनाएको छ।

मृतक मण्डल मझौ समुदाय वनका कर्मचारी रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता जितेन्द्र कुमार बस्नेतले जानकारी दिए।


**राजविराज नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**राजविराज, सप्तरी**
**स्वीकृत गर्ने आशयको सुचना।**

प्रकाशित मिति २०८१।१२।२७

यस कार्यालयद्वारा मिति २०८१।११।०७ मा प्रकाशित नगरपालिका कार्यालय अन्तर्गत खाली रहेका सटरहरु भाडा लगाउने सूचना अनुसार पेश [illegible] आएका बोलपत्रहरु मध्ये सारभुत रुपमा प्रभावग्राही तपसिलका बोलपत्र स्वीकृतीका लागि मिति २०८१।१२।२६ गतेको निर्णय अनुसार [illegible] हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ अनुसार सम्बन्धीत सबै सरोकारवालाको जानकारीका लागि ७ दिने सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | कोठाको विवरण | कबोल गर्नेको नाम, ठेगाना | कबोल गरेको मासिक भाडा रु | कैफियत |
|---|---|---|---|---|
| १ | न.पा. कम्पाउण्ड उत्तर तर्फको कोठा नं. २ | मिथिला जुस घर, रा.वि. ३ | १२,०००।०० | |
| २ | न.पा. कम्पाउण्ड पूर्व तर्फको कोठा नं. ८ | न्यु राधिका हेयर कटिङ सैलुन, रा.वि. ७ | २,८२५।०० | |

प्रमुख प्रशासकीय अधिकृत


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np